गंगादेव गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पंजिकरण शाखा
सानडाँडा, रोल्पा
२०७३
लुम्बिनी प्रदेश नेपाल

वेव: www.gangadevmun.gov.np
ई-मेल: gangadevmun@gmail.com
फोन:९८६०६२३७३७/९८४५५७०४००

पत्र संख्या : २०७९/०८०
चलानी न. ९

मिति: २०८०/०४/०४

# सामाजिक सुरक्षा परिचयपत्र नविकरण सम्बन्धी अत्यन्त जरुरी सुचना ।

यस गाउँपालिकाको सबै वडाहरुबाट आर्थिक बर्ष २०७९/०८० मा सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका लाभग्राहीहरुले आ.ब. २०८०/०८१ मा भत्ता प्राप्त गर्नका लागी आफ्नो सामाजिक सुरक्षा परिचयपत्र अनिवार्य नविकरण गर्नु पर्ने भएकाले सम्पूर्ण भत्ता खाइपाई आएका लाभग्राहिहरुले देहायका कागजात सहित आ-आफ्नो वडा कार्यालयमा तोकिएको ढाँचामा निबेदन दिई यहि श्रावन १ गते देखी भाद्र २५ गते भित्र अनिवार्य रुपमा आफु स्वयम उपस्थिती भई सामाजिक सुरक्षा परिचयपत्र नविकरण गराउनुहुन अनुरोध गरिन्छ ।

**समाजिक सुरक्षा परिचयपत्र नवीकरणका लागी आवश्यक पर्ने कागजातहरु**

- लाभग्राहिको पासपोर्ट साईजको फोटो १ प्रती
- नागरिकता प्रमाणपत्रको प्रतिलीपी १ प्रती र बालबालिकाको हकमा जन्म दर्ताको प्रमाणपत्रको प्रतिलिपी १ प्रती
- एकल महिलाको हकमा विवाह नगरेको वडाको सिफारिस पत्र
- विधवा महिलाको हकमा पतीको मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपी १ प्रती
- सम्बन्ध विच्छेद गरि अर्को विवाह नगरेको महिलाको हक मा सम्बन्ध विच्छेद दर्ता गरेको प्रमाणपत्रको प्रतिलिपी १ प्रती
- अपाङ्गता भएका ब्यक्तिहरुका हकमा गाउँपालिका बाट जारी भएको अपांगता परिचयपत्रको प्रतिलिपी १ प्रती
- सम्बन्धित बैँकको चेक बुक

**नोटः** बालबालिका वा आँफै उपस्थित हुन नसक्ने ब्यक्तिको हकमा निजको आधिकारीक संरक्षक वा स्याहार सुसार गर्ने व्यक्तिले निबेदन दिन सक्नेछन । तोकिएको समयमा नबीकरण नगराउने लाभग्राहिको नाम प्रणालीबाट स्वतः हट्ने तथा भत्ता नपाउने र भाद्र मसान्त भित्र नबीकरण नगराएका लाभग्राहीको नयाँ लाभग्राहीको रुपमा निबेदन दिएपछि निबेदन दिएको अर्को महिनादेखी मात्र भत्ता प्राप्त गर्न सक्ने हुदा निर्धारित समयभित्रै नबीकरण गराउनुहुन अनुरोध गरिन्छ ।

तिर्थराज वली
पंजिकरण शाखा प्रमुख

तिर्थराज वली
पञ्जिकरण शाखा प्रमुख